अध्यक्ष एवं सदस्य महानुभावहरू

नेपालको सविधान जारी भएपछि पहिलो पटक भएको स्थानीय तह निर्वाचन पश्चात विश्व शान्तिका अग्रदुत गौतमबुद्धको जन्म स्थल देखि नजिक रहेको समथर खेती योग्य भूबनोट, उधोग, ब्यापार र पर्यटनको सम्भावना बोकेको रमणीय मायादेवी गाउपालिकाको यस गरिमामय गाउ सभामा पहिलोपटक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव महसुस गरेको छु ।

राज्यको पुन संरचना संगै गाउं सभाको महत्वपूर्ण जिम्मेवारी सम्हाल्ने सुवर्ण अवसर प्राप्त गर्नु हुने सम्पूर्ण सभाका सदस्यहरूलाइ बधाइ ज्ञापन गर्दछु । प्रजातन्त्र,लोकतन्त्र,गणतन्त्र एवं स्वतन्त्रताको लागि विभिन्न आन्दोलनका क्रममा जीवन आहुति दिनुहुने शहिदहरु प्रति भावपूर्ण श्रद्धन्जली ब्यक्त गर्दछु ।

अध्यक्ष एवं सदस्य महानुभावहरू

आ व २०७४।७५ को नीति तथा कार्यक्रम तर्जुमाका सैद्धान्तिक आधारहरु

- नेपालको संविधान २०७२
- त्रिवर्षिय योजना
- स्थानिय तहको योजना तथा वजेट तुर्जुमा दिग्दर्शन २०७४
- सघीय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु
- बडा भेलाबाट प्राप्त योजनाहरू
- राजनितिक दल, विषयगत कार्यालय ,निजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु

- विषयगत समितिहरुको सुझावहरु
- बजेट तथा योजना तर्जुमा समितिको सिफारिस
- राजस्व परामर्श समितिको सझाव
- नेपाल सरकारको आ.ब. २०७४।७५ को बजेट वक्तव्य
- सभाका सदस्यहरूका राय सुझाव ।

दिर्घकालिन सोचः

कृषि, उधोग, व्यापार र पर्यटन क्षेत्रबाट आर्थिक बृध्दि गर्दै विकासका सबै पुर्वाधार निर्माण गरी समृध्द गाउँपालिका निर्माण गर्ने ।

उदेश्यः

गाउँपालिकामा रहेका विध्दमान गरिबी, अशिक्षा, अन्धविश्वास हटाउदै दिर्धकालिन सोचले परिलक्ष्ण गरेको समृध्द गाउँपालिका निर्माण गर्ने उदेश्य रहनेछ ।

**प्राथमिकताहरु**

निम्न क्षेत्रको विकासको लागि प्राथमिकता दिइने छ ।

१ आर्थिक विकास सम्बन्धि कार्यक्रमहरु

२ सामाजिक विकास तथा क्षमता विकास सम्बन्धि कार्यक्रमहरु

३ पूर्वाधार सम्बन्धि कार्यक्रमहरु

४ वातावरण तथा विपत व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु

५ संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धि कार्यक्रमहरु

६ वित्तिय व्यवस्थापन र सुशाशन सम्बन्धि कार्यक्रमहरु

**मायादेवी गाउपालिकाका चुनौति तथा समस्याहरु**

१ तिनाउ र दानव नदीको कटान तथा डुवान समस्या ।

२ शिक्षा,स्वास्थ्य,पेशा ब्यवसाय तथा बेरोजगारी समस्या ।

३ फोहरमैला ब्यवस्थापनको सम्स्या ।

४ गुणस्तरीय पूर्वाधार विकास गर्ने समस्या ।

५ सार्वजनिक सम्पत्ति संरक्षण गर्ने समस्या ।

६ सिमित साधन स्रोतबाट जनताका अपेक्षा तथा आवश्यकता पुरा गर्नु पर्ने ।

**सम्भावना तथा अवसरहरु**

१ तिनाउ र दानव नदीको तटबन्ध गरी करिडोरको रूपमा विकास गरी आकर्षक बनाउने र यी नदीहरुबाट सिचाइ सुविधा लिइ कृषिलाइ ब्यवसायिकरण र बजारीकरण गरी आयआर्जन बढाउन सकिने ।

२ शिक्षा र स्वास्थ्य क्षेत्रको विकास गरी चेतना बृद्धि तथा रोजगारीका अवसर बढाउन सकिने ।

३ समाजको सहभागिता र सकृयतामा फोहर मैलाको समुचित आयवस्थानपन गरी पूर्ण सरसफाइ युक्त गाउपालिका बनायन सकिने ।

४ मापदण्ड बनाइ प्रभावककारी अनुगमन तथा जनताको सार्थक सहभागिताबाट दिगो भरपर्दो र गुणस्तरीय विकास गर्न सकिने ।

५ जनप्रतिनिधिहरुको सकृयता र जनताको सार्थक सहभागितामा सार्वजनिक सम्पत्ति संरक्षण गरी सदुपयोग गर्न सकिने ।

६ करका दायरा फराकिलो बनाउदै दरलाइ समसामयिक बनाएर आन्तरिक आय बृद्धि गरी क्रमश आत्म निर्भर फर्फ जान सकिने ।

७ निर्माणाधिक गौतमबुद्ध अन्तराष्टिय विमानस्थल संचालन संगै उधोग,वाणिज्य तथा पर्यटनको क्षेत्रमा टेवा पुग्ने ।

अव म मायादेवी गाउंपालिकाले आ.व २०७४।७५ समग्र क्षेत्रगत प्रस्तावित प्रमुख नीती तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

स्थानीय विकासमा अर्थपुर्ण जनसहभागिता प्रवर्धन गर्न जनसहभागिता तथा लागत सहभागिमा आधारित योजना कार्यान्वयनलाइ क्रमश अबलम्वन गरिने छ र त्यसरी संचालन हुन सक्ने योजनालाइ प्राथमिकता दिइने छ ।र चौतर्फी विकासको लागिनिम्म नीति अनुसरण गरिने छ ।

**क.अर्थिक विकास सम्वन्धित नीति**

१ कृषिलाइ ब्यवसायिकरण र बजारीकरण गर्न अभिप्रेरित गरिने छ । अर्गानिक खेति गर्नेलाइ प्रोत्साहन गरिने छ ।

२ एक गाउं एक उत्पादन, एक वडा एक उद्‌घान र एक वडा एक पोखरीको नितीलाई कार्यान्वनमा ल्याउन साझेदारीको नीति अवलम्बन गरिनेछ।

३ कृषि हाट बजारहरूको स्तरोन्ति विस्तार तथा गाउंपालिका मातहतमा रहने गरी ब्यवस्थापन गरिदै लगिने छ ।

४ एक गाउं एक सहकारीको ब्यवस्था गर्न गाउंपालिकाले सहजिकरण गर्ने छ ।

५ सामुदायि  विकास कोष कार्यक्रम प्रभावकारी देखिएकोले यस कार्यक्रमलाइ निरन्तरता दिइ क्रमश क्षेत्र विस्तार गरी सबै वडाहरुमा लागु गर्दै लैजाने ।

६ उत्पादनमूलक, आयमूलक र रोजगारी श्रृजना गर्ने लक्षित बर्ग लगायत अन्य कार्यक्रमहरुलाइ प्राथमिकता दिइने छ ।

७ उधोग तथा वाणिज्य क्षेत्रको विकास, विस्तार र संचालनमा सहज वातावरण सृजना गर्दै स्थानीय जनताले आयआर्जन गर्ने अवसर सृजना गर्ने तर्फ जोड दिइने छ ।

८ करका दायराहरु फरालिलो बनाउदै लगिने छ ।

९  स्थानीय लोक संस्कृतिको विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुलाइ आकर्षण गर्न होम स्टे संचालन गरिने छ ।

**ख) सामाजिक विकास सम्वन्धित नीति**

१  पूर्ण साक्षर गाउंपालिका बनाउने नीति अबलम्वन गरिने छ । सामुदायिक विद्धयालयमा गुणस्तरीयता अभिबृद्दीमा जोड दिइने र राम्रो नतिजा ल्याउने विद्धादयलाइ पुरस्कृत तथा सम्मान गरिने छ ।

२ स्थानीय तहको प्रमुख आधारको रुपमा बालमैत्री स्थानीय शासनको अवधारणा अवलम्बन  गर्ने शुरूवात गर्दै बालमैत्री गाउंपालिका बनाउने लक्ष्य लिइनेछ । बाल विकास केन्द्रहरूको ब्यवस्थापनमा सहयोग गरिने छ ।

३विधालयहरूको भौतिक पूर्वाधार विकास गर्दै लगिने छ ।

४ प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य केन्द्रकहरुको सुधार तथा स्तरबृद्दी गरिने नीति लिइने छ ।

५ लक्षित तर्फको बजेट तथा कार्यक्रममा स्वरोजगारमा आधारीत आयमुलक योजना छनौटमा प्राथमिकता दिईने छ।

६ पशु स्वास्थ्य सम्वन्धी चेतनामूलक कार्यक्रम सचालन गरिने छ ।

७ स्वच्छ खानेपानी तथा सरसफाइ को ब्यवस्थापन गर्दै लगिने छ । सरसफाइलाइ मानव सभ्यताको रूपमा हेरी पूर्ण सरसफाइ युक्त गाउंपालिका बनाउन जोड दिइने छ ।

८ गाउंपालिका क्षेत्र भित्र रहेका पुरातात्विक, सास्कृतिक, ऐतिहासिक, धार्मिक , पर्यटकिय निधीहरुको पहिचान, संरक्षण र प्रवर्धन गर्दै जाने निति लिइने छ।

९ लैगिंक समानता तथा सामाजिक समाबेसीकरणको माध्यमबाट मात्र समाजको रूपान्तरण हुने हुदा सचेतनामूलक कार्यक्रमको माध्यमबाट भेदभावरहित समाज बनाउन जोड दिइने छ । लैगिंक भेदभावलाइ निरूत्साहित गरिने छ ।

१० सुनौला १००० दिन कार्यक्रमलाइ निरन्तरता दिन नेपाल सरकारलाइ अनुरोध गर्ने ।

११ सामाजिक परिचालनका कार्यक्रमहरु प्रभावकरी रहेको पाइएको र यसको औचित्य अझै रहेकोले सो कार्यक्रमलाइ निरन्तरता दिन र सामाजिक परिचालकहरुको काम अत्यन्तै सन्तोषजनक रहेकोले निजहरुको सेवालाइ निरन्तरता दिन नेपाल सरकारलाइ अनुरोध गर्ने ।

## ग) पूर्वाधार विकास सम्वन्धित नीति

१ यस गाउंपालिकाको व्यवस्थित विकासको लागि गुरुयोजना तर्जुमा गरी विकास गर्ने नीति अबलम्बन गरिनेछ ।

२ सडकहरूको  नामाकरण गरी राष्ट्रिय मापदण्ड अनुसरण गर्दै गाउंपालिकाको मापदण्ड बनाइ स्तरबृद्दी गरिदै लगिने छ । सुन्दर र सुरक्षित गाउंपालिका निर्माण गर्न स्वीकृत मापदण्ड पुरा गर्ने पुर्वाधारमा  लगानी गर्ने नीति अनुसरण गरिनेछ। अव निर्माण हुने भौतिक संरचनाहरू सडकको अधिकार क्षेत्र र सेट ब्याक छोडेर मात्र निर्माण गर्नु पर्ने छ ।

३ आयोजनाको दिगोपना, प्रभावकारिता, मितव्ययीता, कार्यकुशलता कायम गर्न मागमा आधारीत सहभागितामुलक योजना छनौट तथा कार्यान्वयन प्रणालीको अवलम्बन गरिने छ।

५ सडक यातायातलाइ प्राथमिकताका आधारमा स्तरबृद्दी गरिदै लगिने  छ ।

६ ठूला योजना तथा पुल निर्माणको लागि केन्द्र सरकारलाइ अनुरोध गरिने छ ।

७ सिंचाइलाइ प्राथमिकता दिदै कृषकको माग र औचित्यको आधारमा सिचाइ योजना संचानल गरिने छ ।

८ गाउपालिकाको केन्द्र तोकिएको स्थान बरेवा(वडा नं.३) मा रहेको अन्दाजी ९ विगाहा क्षेत्रफल रहेको ऐलानी जग्गा (चौर र पोखरी) गाउंपालिकाको नाममा दीर्घकालिन लिजमा उपलब्ध गराउन नेपाल सरकारलाइ अनुरोध गर्ने । साथै सो जग्गामा भवन निर्माण, गाडेन र पोखरी संरक्षण गर्ने ।

९  गाउंपालिकाको भवन निर्माण कार्य यसै बर्ष प्रारम्भ गरि २ बर्ष भित्रमा सम्पन्न गर्ने र भवन नभएका वडाहरुमा कम्तिमा १ बर्षमा १ वडा कार्यालय  भवन सम्पन्न गर्ने नीति लीइने छ ।

१० अव बन्ने सरकारी तथा निजी भवनहरू भुकम्पीय सुरक्षित बनाउने नीति अबलम्वन गरिने छ । सरकारी भवनहरू बालमैत्री, अपाङग मैत्री बनाउनु पर्ने छ । राष्ट्रिय भवन निर्माण मापदण्ड अनुसरण गरिने छ ।

११ बैकल्पिक उर्जा अन्तरगत सौर्य सडक बत्तीमा लागत सहभागिता नीति अनुसरण गरिने छ । बैकल्पिक उर्जा कार्यक्रमलाइ अनुदान उपलब्ध गराउन नेपाल सरकारलाइ अनुरोध गरिने छ ।

१२ आजको एक्काइसौ सताब्दीमा पनि सूचना र सचारको पहुंच नपुगेकोले कम्तिमा पनि सबै वडाका केन्द्र सम्म सूचना र संचारको पहुच पुर्याउन नेपाल टेलिकमलाइ विशेष आग्रह गरिने छ र सबै वडा कार्यालयहरूमा इन्टरनेट ब्यवस्थापन गरिने छ।

१३ विधुतको विस्तार र क्षमता बृर्द्दीका लागि नेपाल विधुत प्राधिकरण संग सहजिकरण गरी उधोग धन्दा तथा कृषकहरूको आवश्यकता पूर्ति गर्दै ग्रामिण विधुतिकरणमा प्राथमिकता दिइने छ ।

**घ) वातावरण तथा विपत ब्यवस्था सम्वन्धी नीति**

१ वातावरण संरक्षण,तथा भू संरक्षण, जलाधार संरक्षणमा जोड दिइने छ । एक गाउं एक पोखरी संरक्षण नीति अबलम्वन गरिने छ ।

१ एक घर २ विरुवा भन्ने सन्देशका साथ हरेक नया बन्ने घर धनीहरुलाइ विरुवा लगाइ हुर्काउन अभिप्रेरित गरिने छ ।

२ औधोगिक क्षेत्रमा विरुवा लगाइ हरियाली कायम गर्न आब्हान गरिने छ ।

३ एक वडा एक पार्क कार्यक्रम संचालन गरिने छ ।

२ **"सफा घर, टोल र बस्ति यसैमा छ मायादेवीको पहिचान र प्रगति"** भन्ने नाराका साथ स्थानीय टोल सुधार समिति, बजार व्यस्थापन समिति र निजि क्षेत्रको सहकार्य अभिबृध्दि गर्दै फोहरमैला ब्यवस्थापनको उचित प्रबन्ध गर्न जोड दिइने छ ।

३ विपत ब्यवस्थापन कार्यमा सचेतनामूलक कार्यक्रम संचालन गरी न्यून जोखिमको वातावरण बनाउने तथा उद्दार र राहत ब्यवस्थापन गर्न विपत ब्यवस्थापन तथा आकस्मिक कोषको ब्यवस्था गरिने छ ।

४ जलवायु परिवर्तन सम्बन्धि कार्यक्रम प्रभावकारी देखिएको हुदा सो कार्यक्रमलाइ निरन्तरता दिन नेपाल सरकारलाइ अनुरोध गर्ने ।

५ स्थानीय विपत ब्यवस्थापन समिति बनाइ कृयाशील तुल्याइने छ ।

६ मायादेवी गाउपालिका हुदै बग्ने तिनाहु दानव र घाघरा नदीले बर्षेनी जनताको खेतीयोगय जमिन र बसोवास कटान गरी करोडौको क्षति पुर्याइरहेको र समयमै रोकथाम नभएमा वस्ति तथा खेतीयोग्य जमिनको क्षति भइ जनजीवन कष्टकर भइरहनुका साथै तिनाउ र घाघरा नदीले निर्माणाधिन अन्तराष्ट्रिय गौतम बुद्द विमान स्थलमा समेत क्षति पुर्याउने सम्भावना रहेकोले जनताको तटबन्ध परियोजना मार्फत नदी नियन्त्रण तथा किनारामा सडक निर्माण गरी करिडोरको रुपमा विकास गर्न आवश्यक भएकोले केन्दीय योजनाको रुपमा समाबेश गरी तत्काल कार्यान्वयन गर्न नेपाल सरकारलाइ अनुरोध गर्ने ।

## ङ) संस्थागत विकास तथा सेवा प्रवाह सम्वन्धित नीति

१ कर्मचारीहरूलाइ अनुशासित र सेवाग्राही प्रति उत्तरदायी बनाउदै उत्प्रेरित गराइ उच्च मनोबलका साथ सेवा प्रवाह प्रभावकारी रूपमा संचालन गराउने र राम्रो काम गर्नेलाइ प्रोत्साहन र खराव काम गर्नेलाइ सुधार तथा दण्डीत गरिने छ । कार्यसम्पादन तथा मूल्याङकनको आधारमा प्रोत्साहन गरिने छ ।

२ मन्त्रायबाट विस्तृत संगठन तथा ब्यवस्थापन परीक्षण गरी नया दरवन्दी कायम नहुदा सम्म तत्काल आवश्यक पर्ने कार्यालय सहयोगी, हल्का सवारी चालक र

प्राविधिक कर्मचारी  करारमा लिने बाहेक अन्य क्षेत्रको  कर्मचारी ब्यस्थापनको लागि नेपाल सरकार संग अनुरोध गरिन्छ ।    ।

४ संस्थागत क्षमता विकास गर्दै लैजान कर्मचारीहरुलाइ सिपमूलक तालिम, गोष्ठी तथा पदाधिकारीहरूलाइ नेतृत्व विकास तालिम दिने नीति अवलम्वन गरिने छ ।

५ पारदर्सिता र उत्तरदायित्व कायम गर्दै सुशासन कायम गर्न वडा तह सम्म नै नागरिक बडा पत्र,  उजुरी पेटीकाको ब्यवस्था गरिने छ । पहिलो सेवा ग्राहीलाइ पहिला सेवा दिने नीति अनुसरण गरिने छ ।

६ सेवा प्रवाहमा विधुतीय सूचना प्रविधिको प्रयोग क्रमश वडा तह सम्म पुर्याइने छ ।

## च) वित्तीय ब्यवस्थापन र सूशासन सम्वन्धित नीति

१ सार्वजनिक वित्तीय जोखिम न्युनीकरणका लागि पेश्कीलाई निरुत्साहित गर्दै वेरुजु शुन्यको नीति अवलम्बन गरिनेछ।

२ क्रमश आत्म निर्भरता हुनका लागि करका दरहरुलाई समसामयिक बनाउदै दायरालाई फराकिलो पार्दै स्थानीय कर प्रणालीलाई वैज्ञानिक तुल्याउने नीति अबलम्बन गरिनेछ। एकिकृत सम्पत्ति करको तयारी यो आ. ब.मा पुरा गरी २०७५ श्रावण देखि एकिकृत सम्पत्ति कर लगाइने निति लिइने छ ।

३ सेवा प्रबाहलाई छरितो र जनमुखि तुल्याउन उपलब्ध स्रोत साधनको अधिकतम् उपयोग मार्फत जनताको नजिकबाट सेवा प्रवाह गर्ने नीति अबलम्वन गरी प्रत्येक वडाबाट प्रभावकारी सेवा प्रवाह गरिने छ ।

४ नियमित प्रशासनिक सेवा प्रवाहलाई मुस्कान सहितको (service with smile) को नीति लिइनेछ।

५ कर्मचारी र राजनीति वीच अन्तर सम्वन्धलाइ सेवा प्रवाह संग आवद्ध गरिने छ ।

६  सार्वजनिक सुनुवाइ कार्यक्रम ,सामाजिक परीक्षण  गरी पारदर्शीता जवाफदेहीता सुनिस्चत गरिनेछ ।

७ आन्तरिक लेखा नियन्त्रण प्रणाली  अबलम्वन गर्दै आन्तरिक तथा अन्तिम लेखा प्रणाली समयमै सम्मपन्न गराउदै बेरुजु फछ्र्यौट कार्यलाइ प्राथमिकता दिइने छ ।

८ सुशासन युक्त संरचनाको रूपमा गाउंपालिकालाइ स्थापित गरिने छ ।

यसका अतिरिक्त निम्न थप नीति अबलम्वन गरिने छ ।

१  सार्वजनिक जग्गाको पहिचान, अभिलेखन, संरक्षण र व्यवस्थापन गर्दै भू-उपयोग योजनानुसार समुचित उपयोगको नीती लिइने छ।

२ विकास साझेदारको योगदान र परिचालनलाई प्रभावकारी तुल्याउन र आन्तरिक आयमा अभिवृध्दि हासिल गर्न सार्वजनिक निजी साझेदारी(PPP)को अवधारणामा आधारित लगानीको नीती अवलम्बन गरिने छ।

३ गैरसरकारी संस्थाहरू संग लागत साझेदारीको आधारमा मात्र सहकार्य गरिने छ ।

४ विकासका कार्यहरुलाई परिणाममुखि वनाउन नतिजामा आधारित(Result based) विकास गर्ने परिपाटी अवलस्वन गरिनेछ।

५ स-साना टुक्रे योजना बनाई परिणाम देखाउन नसकिने योजना निर्माण गर्ने पक्रिया एंव परिपाटिको अन्त्य गरिनेछ।

अन्त्यमा यस गाउँपालिकाले अघि सारेको दिर्घकालिन सोच, उदेश्य, प्राथमिकता, नीति तथा कार्यक्रमको सफल कार्यान्वयनले यस गाउँपालिकालाई समृध्द बनाउन योगदान पुराउने कुरामा विश्वास राख्दै बजेट, योजना तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सम्पुर्ण गाउँपालका बासी आदरणिय

नागरिकहरू, राजनीतिकर्मीहरू, सभाका सदस्यज्यूहरू, बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरू, विषयगत समितिका पदाधिकारीहरू, बुध्दिजिवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिदै योजना तथा कार्यक्रमहरू तोकिएको समयमा गुणस्तरिय रूपमा सञ्चालन गरी कार्यान्वयन गर्न यहाहरूको महत्वपुर्ण भूमिका रहने कुरामा विश्वास राख्दै विदा हुन्छु ।

धन्यवाद, जय मायादेवी ।।।।

अध्यक्ष
ध्रुब नारायण चौधरी
मायादेवी गाउँपालिका, रूपन्देही